# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७९ श्रावण। वर्ष ११ अंक २ (डिजिटल अंक)



**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

# मानव संसाधन: सम्भावना र चुनौती



**कृष्ण प्रसाद घिमिरे**
शाखा प्रमुख
कुलेश्वर शाखा कार्यालय

कुनै पनि संस्थाका लागि मानव संसाधनलाई एक महत्वपूर्ण साधन हो । मानव साधन बिनाको संगठनको परिकल्पना समेत गर्न सकिँदैन । त्यसै कारण मानव संसाधनको सही तवरबाट व्यवस्थापन गर्न सकेको खण्डमा मात्र संगठनले लिएको लक्ष्य प्राप्त गर्न सक्छ । हाल विकासोन्मुख अर्थतन्त्रहरूमा मानव संसाधन एक जल्दोबल्दो विषय बनेको छ । पछिल्लो समय सम्म आइपुग्दा नेपालमा पनि मानव संसाधनलाई केही महत्व दिन थालिएको छ । नेपाल जस्तो विकासोन्मुख अर्थतन्त्रमा मानव संसाधन सम्भावना र चुनौतीहरूले भरिएको छ ।

नेपालमा रहेको जनशक्ति मध्ये ठूलो संख्यामा अदक्ष जनशक्ति, केही हिस्सामा अर्धदक्ष जनशक्ति र न्यून मात्रामा दक्ष जनशक्ति रहेको छ, जस मध्ये पनि ठूलो जनसंख्यामा रहेको जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेको तितो सत्य हामी माझ छ । एक अध्ययनका अनुसार नेपालबाट प्रत्येक दिन करिब २ देखी ३ हजार जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेको तथ्य प्रकाशित भएको छ । देश संघीय संरचनामा गएको र देशमा प्रशस्त मात्रामा रोजगारीका अवसरहरु सिर्जना हुने कुराको आकलन गरिए पनि सोचे अनुरूपको अवस्था सिर्जना हुन सकेको छैन । यसरी मानव संसाधनलाई उपयुक्त कार्यस्थल निधारण गर्ने तथा एउटै संगठनमा कार्य गर्नका लागि प्रोत्साहित बनाउने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

नेपालमा रहेको जनशक्ति मध्ये दक्ष जनशक्ति रहेको एक क्षेत्र हो - बैंकिङ । बैंकिङ क्षेत्रमा हाल करिब १ देखि १ लाख पचास हजारको हाराहारीमा जनशक्ति कार्यरत छन्, जसले बैंकिङ क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यस्तो जनशक्तिले बैंकिङ क्षेत्रको विकासमा मात्र नभएर थप रोजगारी सिर्जना गर्नमा प्रत्यक्ष तथा परोक्ष रूपमा ठूलो भूमिका निर्वाह गरिरहेको छ । यसका साथै बैंकिङ क्षेत्रको विकासले समग्र आर्थिक विकासका सूचकहरूमा पनि सकारात्मक प्रभाव पारेको छ । फलतः यसले मानिसको जीवनयापनमा पनि सकारात्मक असर गर्दछ, जुन मानव संसाधनको सही व्यवस्थापनबाट मात्र सम्भव छ ।

साधारणतया बैंकिङ करियरलाई आकर्षक पेसाका रूपमा लिने गरिएको भए पनि यसका थुप्रै सम्भावना र चुनौतीहरु छन् । हाले देशमा देखिएको बैंकिङ क्षेत्रको तीव्र विकास र विस्तारले मानव संसाधनको सम्भावनालाई थप विस्तारित गरेको छ । ठूलो संख्यामा स्थापना भएका बैंक तथा वित्तीय संस्थाका शाखा सञ्जालहरुमा थुप्रै मानव संसाधनको आवश्यकता सिर्जना भएको छ, जसले गर्दा थप रोजगारी सिर्जना भएको छ भने यसले निश्चित रूपमा बेरोजगारीको संख्यामा कमी ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । हाल नेपाल राष्ट्र बैंकबाट सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई प्रत्येक स्थानीय तहमा आफन्ना शाखा सञ्जाल विस्तार गर्न निर्देशित गरिसकेको अवस्था छ । यस अनुरूप एउटा स्थानीय तहलाई छाडेर सबै ठाउँमा बैंकिङ सञ्जाल विस्तार भई सकेका छन् । यसले गर्दा बैंकिङ सेवामा थप विकास र विस्तार भएको कुरामा दुईमत नहोला ।

अर्को तर्फ यस्तो जनशक्तिका थुप्रै चुनौती पनि छन् । मानव संसाधन सम्बन्धी जोखिममा वृद्धि भएको छ । एक संस्थामा कार्यरत कर्मचारी अर्को संस्थामा स्थानान्तरण हुने प्रवृत्ति हाबी भइरहेको अहिलेको परिस्थितिले बैंकिङ क्षेत्रमा थप जोखिमको सम्भावना बढेको छ । हाल बजारमा एक संस्थामा काम गर्ने कर्मचारी अर्को संस्थामा करियर विकासका लागि स्थानान्तरण हुने क्रम तीव्र भएको अवस्थाले बैंकिङ क्षेत्रको गोपनीयतामा पनि प्रभाव परेको छ, जसले गर्दा ग्राहकका विवरण लिकेज हुने सम्भावना बढेर गएको छ । सानो बजार र कम ग्राहक संख्या भएको हाम्रो जस्तो सानो अर्थतन्त्रमा यसले निकै ठूलो प्रभाव पर्न सक्ने देखिन्छ । यसलाई व्यवस्थापन गर्नु अहिले चुनौती बनेको छ । यस्ता समस्या समाधान गर्न सम्बन्धित संस्थाहरूले बेलैमा मानव साधनको सही व्यवस्थापन गर्नु जरूरी छ ।

अर्को तर्फ अहिलेको परिस्थितीलाई हेर्दा कुनै पनि संस्थामा कार्यरत जनशक्तिहरूको वहिरगमनलाई संस्थाहरूले सहज रूपमा लिने गरेको परिदृष्य छ । जसले गर्दा संस्थाको तालिम प्राप्त जनशक्ति वाहिरिने हुनाले संस्थाको लक्ष्य प्राप्तीमा समेत नकारात्मक असर पर्न जाने देखिन्छ भने जोखिम पनि सोहि अनुसारले बढने देखिन्छ ।

यसरी नेपालको बैंकिङ क्षेत्रमा मानव संसाधन सम्भावना र चुनौती रूपमा रहेको छ । यसलाई सही रूपमा व्यवस्थापन गर्न सकेको खण्डमा मात्र संस्थागत लक्ष्य हासिल गर्न सकिन्छ । त्यसैले मानव संसाधन एक सम्भावना र चुनौतीको परिवाहक हो भन्दा अत्युक्ति नहोला ।





# बैंकको ५ वर्षे मार्गनिर्देशन

Vision-84 ले बैंकको आगामी ५ बर्षको लागि मार्ग तय गर्ने गर्दछ । यसले भविष्यमा बैंकले देख्ने अवसर र चुनौतीहरूलाई नियाल्दै सम्भावनाको खोजि गर्नको लागि महत्वपुर्ण भुमिका खेल्नेछ । यसले BOARD BEING ARCHITECT and THE MANAGEMENT BEING THE DEVELOPER को साथमा बैंकलाई सवल र सक्षम बनाउने योजना बनाएको छ ।

कर्मचारी भनेको संस्थाले प्राप्त गर्ने सफलताको संबाहक हुन । खुशी कर्मचारीले मात्र खुशी ग्राहक निमार्ण गर्न सक्दछ,त्यसैले कर्मचारीको हेरविचार र संरक्षण गर्नु संस्थाको जिम्मेवारी हो । यसलाई मध्यनजर गर्दै आगामी दिनहरूमा कर्मचारीहरूको हकहितलाई ध्यानमा राखि कर्मचारीको मनोवल उच्च बनाई कार्य गर्ने योजना संस्थाले लिएको छ ।

ग्राहक संस्थाको अभिन्न अंग हुन ग्राहक विना कुनैपनि संस्थाको परिकल्पना समेत गर्न सकिदै न । संस्थाले ग्राहकको मनोभावन अनुसार कार्य गर्दै आएकोमा आगामी दिनमा त्यसलाई अझै प्रभावकारी बनाई खुशी र सन्तुष्ट ग्राहक निर्माण गर्ने योजना बनाएको छ । त्यसका लागि संस्थाले तपसिलका कार्यहरू गर्नेछ ।

- ✔ हामी मुक्तिनाथको संस्कार अनुसार मुस्कान सहितको नमस्कारबाट सदस्यलाई स्वागत गर्दछौं ।
- ✔ ग्राहकलाई छिटोछरितो गुणस्तरिय सेवा प्रदान गर्नेछौं ।
- ✔ ग्राहकको गुनासो तथा समस्याहरूलाई समयमा नै सम्बोदन गर्ने हेतुले गुनासो सुनवाई ईकाइ खडा गरि कार्यन्वयनमा ल्याएका छौं ।
- ✔ नियमनकारी निकायले तोकिएको नीतिको अधिनमा रहि ग्राहकको चाहना अनुसार को वस्तु तथा सेवा प्रदान गर्नेछौं ।

**संस्थाले लगानीकर्ताहरू को हकहितलाई ख्यालमा राख्दै तपसिलका कामहरू गर्नेछ ।**

- ✔ लगानीकर्ताको लगानीमा उच्चतम प्रतिफल प्रदान गर्ने उद्देश्यका साथ कार्य गर्नेछौं ।
- ✔ प्रभावकारी संस्थागत सुशासनका अभ्यासहरू अपनाई कार्य गर्नेछौं ।
- ✔ वित्तीय पारदर्शिताका लागि वित्तीय प्रतिवेदन,वित्तीय प्रकाशन,संस्थागत बुलेटिनहरू समयमा नै प्रकाशन गर्नेछौं ।
- ✔ बार्षिक साधारण सभा,भेला,बैठक तथा ब्यक्तिगत रूपमा लगानीकर्ताबाट प्राप्त सल्लाह,सुझाव र प्रतिक्रियलाई अबलम्बन गरि कार्य गर्नेछौं ।

**संस्थाले समाज र राष्ट्र हितलाई ध्यानमा राखि तपसिलका कार्यहरू गर्नेछ ।**

- ✔ नेपल सरकारको कानुनमा ब्यवस्था भए बमोजिमका कर प्रणालीको दायरमा बसि नेपाल सरकारलाई समयमा नै कर भुक्तानी गर्नेछौं ।
- ✔ आर्थिक र सामाजिक रूपमा पिछडीएका वर्गहरूलाई प्राथमिकतामा राखि उनीहरूको जिवनस्तर उकास्न सहयोग पुर्याउनेछौं ।
- ✔ समाज हितका लागि सामाजिक उत्तरदायित्वका विभन्न क्रियाकलापहरू संचालन हुँदै आएकोमा त्यसलाई अझै प्रभावकारी ढंगबाट अघि बढाउनेछौं ।
- ✔ वाताबरणको दिगो विकासका लागि वाताबरणमैत्री हरित वित्तलाई प्राथमिकता दिनेछौं ।

# Explore with *Muktinath Family*



Mesmerizing sunset at Kalinchowk
Pictured by: Shiwani Dahal
(Deposit Marketing)



The beautiful east nepal with forest, lakes & suspension bridge at salbari

Pictured by: Namrata Gautam
(Branding and Corporate Affairs)



How glorious a greeting the sun gives the machhapuchre mountain

Captured by: Avash Khanal
(Branding and Corporate Affairs)

Spotted! The rare one horned rhinocerous at chitwan national park

Captured by: Simran Acharya
(Branding & Corporate Affairs)



The mighty goddess Pathibhara Devi at taplejung

Pictured by: Sujan Tamang
(Biratnagar Branch)



"Peace comes from within .
Do not seek it without" .

-Picture of Namo Buddha Stupa

Pictured by: Dibesh Maharjan
(Treasury Department)






# मुक्तिनाथ विकास बैंकद्वारा श्री बागेश्वरी मन्दिरमा सामाजिक उत्तरदायित्व कार्यक्रम सम्पन्न

मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अन्तरगत विभिन्न संघ संस्थाहरूलाई सहयोग गर्दै आएको छ । सोही योजना अनुसार बैंकले नेपालगञ्ज स्थित श्री बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिलाई सि.सि.टिभी क्यामेराहरू लागि सहयोग गरेको छ ।



बैंकले श्री बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समिति सँगको सहकार्यमा श्री बागेश्वरी मन्दिरमा ८ थान सि.सि.टिभी क्यामेराहरू एक कार्यक्रम बीच जडानको शुभारम्भ गरेको छ । उक्त कार्यक्रममा बैंकका तर्फबाट सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरूङ्, र अन्य कर्मचारीहरूको उपस्थिति तथा श्री बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिको तर्फबाट आधिकारिक सदस्यहरूको उपस्थिति रहेको थियो । यस सहयोगबाट मन्दिर परिसरमा आउने भक्तजनहरूको सुरक्षा र मन्दिरको भौतिक संरचनाहरूको संरक्षण गर्न मद्दत पुग्ने धारणा बैंकले लिएको छ । मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोगबाट सेवा क्षेत्रका नागरिक र व्यक्तिहरूको हितमा काम हुने विश्वास लिएको छ ।

# मुक्तिनाथ विकास बैंकद्वारा मनोरम नगर समाजलाई सामाजिक उत्तरदायित्व अर्न्तरगत सहयोग

मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न संघ संस्थाहरूलाई सहयोग गर्दै आएको छ ।

सोही योजना अनुसार बैंकले भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं.१, लोकन्थली स्थित मनोरम बालबालिका बाटिकामा पार्क निर्माण सम्बन्धी कार्य गर्न मनोरम नगर समाजलाई लागि सहयोग गरेको छ ।

बैंकले मनोरम नगर समाजलाई एक कार्यक्रम बीच सहयोगका लागि चेक हस्तानतरण गरेको छ । उक्त कार्यक्रममा बैंकका तर्फबाट बैंकका कर्मचारीहरूको उपस्थिति तथा मनोरम नगर समाजको तर्फबाट अध्यक्ष श्री विश्व वन्धु गौतम तथा अन्य आधिकारिक सदस्यहरूको उपस्थिति रहेको थियो ।

यस सहयोगबाट पार्क निर्माणको कार्य सम्पन्न, वृक्षारोपण तथा सम्भार गर्न मद्दत पुग्ने र पार्कका आउने व्यक्तिहरूलाई एक सम्पन्न पार्कमा आई आराम गर्न वातवारण मिल्ने धारणा बैंकले लिएको छ । मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोगबाट सेवा क्षेत्रका नागरिक र व्यक्तिहरूको हितमा काम हुने विश्वास लिएको छ ।



# मुक्तिनाथको क्रमिक बचत खातामा मुद्दती खाताको ब्याज

मुक्तिनाथ विकास बैंक लि.को **मुक्तिनाथ क्रमिक बचत खाता** ग्राहक महानुभावहरूको सर्वोपरी हितलाई ध्यानमा राख्दै सञ्चालनमा ल्याइएको निक्षेपकर्ताहरूलाई अत्यन्त लाभदायी योजना हो ।

बैंकको मुक्तिनाथ क्रमिक बचत खातामा बचत खाता तथा मुद्धती खाताको विशेषताहरूलाई समेटिएको छ । उक्त खातामा त्रैमासिक रूपमा प्राप्त ब्याज पुन सोही खातामा नै जम्मा हुने र सोमा समेत मुद्दतीकै ब्याज प्रदान गर्ने भएको ग्राहकहरूलाई उच्चतम लाभ हुने ब्यहोरा बैंकले जनाएको छ । यस खाताबाट नियमित रूपमा आर्जन गरेको आम्दनीको केही अंश खर्च नगरी बचत गर्न चाहाने ग्राहकहरूलाई न्यूनतम लगानीमा उच्चतम प्रतिफलको फाइदा पुग्ने विश्वास बैंकले लिएको छ ।




# मुक्तिनाथ विकास बैंकद्वारा श्री कैलाश आश्रम धामलाई सहयोग



मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न संघ संस्थाहरूलाई सहयोग गर्दै आएको छ । सोही योजना अनुसार बैंकले कपिलवस्तु स्थित श्री कैलाश आश्रम धामलाई आर्थिक सहयोग गरेको छ ।

बैंकले श्री कैलाश आश्रम धामद्वारा संचालित श्री मनकामना गुरुकुलमा भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आर्थिक सहयोग गरेको हो । बैंकले श्री कैलाश आश्रम धामलाई एक कार्यत्रम बीच चेक हस्तानतरण गरेको छ । उक्त कार्यक्रममा बैंकका तर्फबाट बुटवल क्षेत्रीय प्रमख श्री राजेन्द्र घिमिरे, जीतपूर शाखाका प्रबन्दक श्री लेखेन्द्र जि.सी. र अन्य कर्मचारीहरूको उपस्थिति तथा श्री कैलाश आश्रम धामको तर्फबाट आधिकारिक सदस्यहरूको उपस्थिति रहेको थियो ।

यस सहयोगबाट गुरुकुलमा आउने भक्तजनहरू विश्राम तथा परोपकारी उद्देश्यले गरिने कार्यहरूलाई सहजताका साथ पूरा गर्न मद्दत पुग्ने धारणा बैंकले लिएको छ । मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोग र कार्यक्रमबाट सेवा क्षेत्रका नागरिक र व्यक्तिहरूको हितमा काम हुने विश्वास लिएको छ ।

# मुक्तिनाथ विकास बैंकद्वारा श्री पाण्डवेश्वर महादेव मन्दिरमा सामाजिक उत्तरदायित्व कार्यक्रम




मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न संध संस्थाहरूलाई सहयोग गर्दै आएको छ । सोही योजना अनुसार बैंकले घोराही उप.म.न.पा. वडा नं. ५ धारापानी, दाङ स्थित पवित्र धार्मिक स्थल श्री पाण्डवेश्वर महादेव मन्दिरमा भक्तजनहरूको लागी विश्राम गर्न प्रतिक्षालय निर्माण गरी एक कार्यक्रम बीच बैंकका घोराही शाखा प्रमुख श्री बिकास के.सी. द्वारा उक्त मन्दिरका व्यवस्थापन समितिका अध्यक्ष श्री गणेश कुमार अधिकारीलाई अन्य पदाधिकारीहरूको रोहवरमा हस्तानतरण गरिएको छ ।

यस सहयोगबाट मन्दिरमा पाल्नुहुने नजिकका तथा टाढाका भक्तजनहरूलाई विश्राम गर्न मद्दत पुग्ने धारणा बैंकले लिएको छ । मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोगबाट सेवा क्षेत्रका व्यक्तिहरूको हितमा काम हुने विश्वास लिएको छ ।



# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न व्यवसायिक संस्थाहरूसँग सहकार्य गरी ग्राहकहरूलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

## ग्राहकहरूलाई विशेष छुट

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट % |
|---|---|---|---|
| १ | नेश्नल इ.एन.टी सेन्टर | जमल, काठमाडौं | २५ |
| २ | भिभान्ता डेन्टल प्रा. ली. | कमलपोखरी, काठमाडौं | १५ |
| ३ | DR डेन्टो क्यर | बनेपा | १५ |
| ४ | हिमाल डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ५ | स्माइल मेकर्स डेन्टल होम | गोदावरी, ललितपूर | २० |
| ६ | डेन्टल प्रो एन्ड इम्प्लान्ट क्लिनिक | बनश्थली, काठमाडौं | २० |
| ७ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा.लि. | वालुवाटार, काठमाडौं | १० |
| ८ | DRISHTI आई केयर सेन्टर प्रा.लि | काठमाडौं | २० |
| ९ | नरायणी सेन्ट्रल हस्पिटल, बीरगञ्ज | बीरगञ्ज | १५ |
| १० | स्माइल डेन्टल क्यर सेन्टर | डुम्रे | १० |
| ११ | KROWN ल्याबरेटोरी एण्ड रिफरल सेन्टर | भाटभटिनी, काठमाडौं | २५ |
| १२ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |
| १३ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| **क्र.सं.** | **होटेल/रिसोट/अनलाईन साईट** | **ठेगाना** | **छुट %** |
| १ | क्लबहिमालय BY ACE HOTELS | नगरकोट, भक्तपुर | १० |
| २ | मिराकी होलिस्टिक वोल्नेस् रिट्रिट | बुढानिलकण्ठ | १५ |
| ३ | भरतपूर टाउन रेसिडेन्सी | भरतपूर | १० |
| ४ | सिद्धार्थ ग्रुपअफ हस्पिटालिटी | नेपाल | १० |
| ५ | होटल डेन्डेलियन | पोखरा | १० |
| ६ | बोबाफ्रेस् | इटहरी | १० |
| ७ | बजेट पसल | काठमाडौं | ५ |
| ८ | माइक रेष्टुरेन्ट एण्ड बार | लाजिम्पाट | १० |
| ९ | अन्नपूर्ण केबलकार | पोखरा | १० |

## सम्झौता

| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | Swiss contact for NAMDP phase II | ललितपुर |
| २ | KFW, Germany for SEDRA II | जर्मनी |
| ३ | LIBIRD Consulting Pvt . Ltd . support for Winrock International KISAN II | ललितपुर |
| ४ | Tansen Municipality in Collaboration with Rural Economic Association of Nepal (REDA) for different types of loan | तानसेन |
| **क्र.सं.** | **स्कुल** | **ठेगाना** |
| २ | मल्पी इन्टरनेसनल कलेज काठमाडौं | ललितपुर |

# Congratulations!



*We would like to congratulate*

***Mr. Pradyuman Pokharel***

*for being reappointed as Chief Executive Officer of Muktinath Bikas Bank and also for being elected as Executive Member of Management Association of Nepal.*

*Congratulations on your well deserved success.*

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member o
Global Alliance for
Banking on Values

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK

# अब खुशीको छैन कुनै सीमा

## बचत खातामा १ करोड १ लाख सम्मको बिमा

रु १ करोड १ लाख* सम्मको बिमा सुविधाहरु

सर्वाधिक वार्षिक ब्याजदर

नि:शुल्क VISA डेबिट कार्ड

नि:शुल्क मोबाइल बैंकिङ्ग

साथै सबै खातावालाहरु लाई १३ अन्य बैंकिङ्ग सुविधाहरुमा छुट !



**शर्तहरु लागु हुनेछन

## मुक्तिनाथ आशिर्वाद बचत खाता

*बीमा सुविधाको अवधि खातावाला र परिवारको सदस्यहरुका लागि ३ बर्ष सम्म हुनेछ। साथै विस्तृत जानकारीका लागि नजिकको शाखामा सम्पर्क गर्नुहोला।

scan to know more

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Member of Global Alliance for Banking on Values

इन्स्योरेन्स पार्टनर: ज्योति लाईफ इन्स्योरन्स र प्रुडेन्सियल इन्स्योरेन्स

टोल फ्री नम्बर : १६६००१४९९९९

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"









मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

Member of
Global Alliance for Banking on Values

Winner of
EUROPEAN MICROFINANCE AWARD 2020